# यमुनामाई गाँउपालिका रौतहटको आर्थिक बर्ष २०७८।०७९ को निति तथा कार्यक्रम

यमुनामाई गाँउपालिका अध्यक्ष श्री प्रसाद मुखिया ज्यूबाट
यमुनामाई गाँउपालिकाको गाँउसभा अधिवेसन २०७८ मा
प्रस्तुत आ ब २०७८।७९ को निति तथा कार्यक्रम

गाउँसभाका सदस्य ज्यूहरू,

विषयगत शाखाका प्रमुख एवम् प्रतिनिधिज्यूहरू,

गाउँपालिकाका कर्मचारीहरू

तथा अन्य उपस्थीत महानुभावहरु ।

१. संघीयताको सफल कार्यन्वयन संगै दिर्घकालीन सोच र लक्ष्यका साथ यमुनामाई गाँउपालिकाको अगामी आर्थिक बर्ष २०७८।०७९ को निति तथा कार्यक्रम यस गरिमामय गाँउ सभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई गौरब महशुश भएको छ ।

२. बलिदानीपुर्ण सशस्त्र जनयुद्ध, जन आन्दोलन, र मधेश आन्दोलन लगायत बिभिन्न लोकत्रान्त्रिक आन्दोलनहरुबाट प्राप्त संघीय लोकत्रान्त्रिक गणतन्त्र नेपालको स्थापनामा आफनो ज्यान न्यौछावर गर्नु भएका सम्पुर्ण बीर शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु ।

३. कोभिड: १९ को महामारीको कारण गत आर्थिक बर्ष देखि नै नेपाल लगायत बिश्वमा नै आर्थिक गतिबिधिमा ह्रास आएको भए पनि बिकास निर्माणका अधिकांश कार्यहरु सम्पन्न गरिएको छ। जस मध्ये निम्न उपलब्धीहरु रहेका छन ।

उपलब्धिहरु :

- गरिब तथा दलित बर्गका घरपरिवारलाई सुरक्षित आवासका लागि जनता आवास कार्यक्रमको संचालन गरिएको छ ।
- यस गा.पा. अर्न्तगत ५ वटै वडाहरुमा नयाँ सडक निर्माण तथा विस्तार गरिएको छ ।
- यस क्षेत्रका सडक तथा नालाहरु विग्रे भत्केको र स्थानीयवासीलाई हिडडुल गर्न कठिन भैरहेको तथा दुर्घटनाहुने संभावना रहेको सडकहरुमा तिब्र रुपले मर्मत सम्भार गरिएको छ ।
- गा.पा. क्षेत्रभित्रको सडक बत्ति ब्यवस्थापनलाई प्रभावकारी बनाउन सौर्य उर्जा बत्ति जडान गरिएको छ ।
- गा.पा.क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुको संस्थागत विकासका लागि पूर्वाधार निमार्णका तदारुपताका साथ गरिनुका साथै नियमित अनुगमनबाट पठनपाठनको गुणस्तरमा सुधार आएको छ ।
- यस गत आ.व.बाट सामाजिक सुरक्षा भत्तालाई बैकिङ्ग प्रणालीबाट वितरण गर्ने कार्यको निरन्तरता दिदै थप ब्यसस्थित गरिएको छ ।
- गा.पा.भित्रका धार्मीक एव पर्यटकिय क्षेत्रहरुको पहिचान एवं पुर्वाधार निर्माण भएको छ ।
- महिला सचेतना अभिबृद्धि भइ महिलाहरुमा सामाजिक सचेतना अभिबृद्धि भएका छ ।
- प्रधानमन्त्रि युवा रोजगार कार्यक्रमलाई निरन्तरता दिदै हाल सम्म ३५२ युवाहरुले रोजगारीको

अवसर प्राप्त गरेका छन ।

- यस गा.पा.का ५ वटै वडाहरुमा विद्यालयहरुको पूर्वाधार तथा सम्रचना निर्माण भइ शैक्षिक गुणस्तर अभिबृद्धि गर्नमद्दत पुगेको छ ।
- विद्यालयहरुको भौतिक पुर्वाधार तथा संरचनामा सुधार भइ सरोकारवालाहरुको जबाफदेहिता बढेको छ ।
- आर्थिक रुपले विपन्न, महिला, बृद्ध तथा अशक्तहरुको स्वास्थ्य सेवामा पँहुच बढेको छ ।
- स्वच्छ खानेपानी सेवा उपलब्धताका लागि ३२७ खानेपानीको हातेकल जडान तथा विस्तार कार्यले आमनागरिकको स्वच्छ तथा स्वस्थ्य खानेपानीमा पहुँच भएको छ ।
- विद्यमान स्वास्थ्य चौकिहरुमा आधुनिक उपरकणहरु तथा औषधि खरिद गरिनुका साथै स्वास्थ्य सेवामा थप सुदृढिकरणका लागि बर्थिंग सेन्टर संचालन कार्यलाई थप ब्यवस्थित भई आम नागरिकको पहुच भएको तथा स्वास्थ चौकिहरुको स्तरोन्नतीमा जोड दिइएको छ ।
- यस चालु आ.व.मा ५ वटै वडामा ५वटा सामुदायिक भवन निर्माण कार्य सम्पन्न भएको छ ।
- हाल विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को रोकथामका लागि स्वास्थ्य सामाग्री ब्यवस्थापन, कोभिड अस्पताल संचालन लगायतको कार्य गरिएको छ ।

४. कोभिडः १९ को महामारीबाट स्वदेश तथा बिदेशमा ज्यान गुमाएका नेपाली नागरिक र बिदेशी नागरिक प्रति हार्दिक श्रद्धान्जली ब्यक्त गर्दछु साथै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दै सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

५. यस संकटको घडीमा आफनो ज्यानको जोखिमलाई परवाह नगरी मानवीय सेवामा समर्पित चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, संचारकर्मी, सरसफाईकर्मी, एम्बसलेन्स चालक लगायत यस क्षेत्रमा अहोरात सेवारत सम्पुर्ण राष्ट्रसेवक, जनप्रतिनिधि एंव सामाजिक संघ संस्थाहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

६. यमुनामाई गाँउपालिकाको आर्थिक बर्ष २०७८।०७९ को निति तथा कार्यक्रम नेपालको संविधान, नेपाल सरकारको आर्थिक निति नेपाल सरकारको आवधिक योजना तथा दिर्घकालीन क्षेत्रगत नितिहरु र दिगो विकास लक्ष्य लगायत नेपालले अन्तराष्ट्रिय क्षेत्रमा गरेका प्रतिबद्धताहरु कोभिडः १९ ले पारेका प्रभाव न्युनिकरण, चालु आर्थिक बर्षमा संघिय तथा प्रदेश सरकारले ल्याएको निति तथा कार्यक्रम र दिगो विकास लक्ष्य अन्तर्गत स्थानिय प्राथमिकताहरु तय गर्दै सो हासिल गर्न अग्रसर रहेको छ ।

७. यो निति तथा कार्यक्रममा कोभिडः १९ महामारीले यस गाँउपालिकाको आर्थिक गतिविधिमा ल्याएको ह्रास र जोखिम न्युनिकरण गर्न प्रभावित जनतालाई सहयोग प्रदान गर्न तथा महामारी र सो कारण यस

पालिमाभरि लागाइएको पुर्ण तथा आंशिक बन्दा बन्दीले सृजना गरेका समस्याहरुलाई समबोधन गरी अर्थतन्त्रलाई पुनसुदृढिकरण गर्न अगामी बर्ष धुलो रहित गाँउपालिका घोषणा गर्नका लागि सडक निर्माण कार्यलार्य निरनतरता, धुलो रहित गाँउपालिका घोषणा गर्नका लागि ग्यास सिलिण्डर र चुल्हो बितरण, स्वास्थ्य संस्था सुदृढिकरणका लागि वडा नं. १, २ र ३ मा स्वास्थ्य संस्था भवन निर्माण, एम्बुलेन्स खरिद तथा संचालन तथा रोजगारी प्रवर्द्धन लगायतका कार्यक्रमहरु अवलम्बन गरिने रणनितिहरु तथा कार्यक्रमहरु समावेश गरेको छु ।

**आदरणिय सदस्यहरु तथा उपस्थित महानुभावहरु,**

८. बदलिंदो परिस्थिति सँगै जनताको विकासप्रतिको उच्च आकाङ्क्षालाई न्यायोचित रुपमा सम्बोधन गर्न यस यमुनामाई गाउँपालिकाको दिगो विकास र समृद्धिका लागि राष्ट्रियता, लोकतन्त्र र कानूनी शासनलाई आत्मसात गर्दै शान्ति र स्थिरताका साथै “जनताद्वारा, जनताका लागि जनताको शासन” भन्ने मूल सिद्धान्तका आधारमा यमुनामाई गाउँपालिकाको विकास र समृद्धिलाई यथार्थमा परिणत गर्नका निमित्त आ.व. ०७८/०७९ को नीति तथा कार्यक्रम निर्माणको क्रममा नेपालको संविधानमा भएका व्यवस्थाहरू तथा संविधानको अनुसूची–८ र ९ अनुसारका एकल अधिकार र साझा अधिकारका सूचीहरूमा भएका व्यबस्था, योजना, दिगो विकासका लक्ष्यहरू, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अर्थ मन्त्रालयबाट प्राप्त मार्गदर्शन, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट समय-समयमा जारी भएका मार्गदर्शन तथा परिपत्रहरू, मन्त्रालयबाट प्राप्त गाउँपालिकाको बजेट तर्जुमा दिग्दर्शन, २०७४, गाउँ कार्यपालिकाबाट गठित विभिन्न विषयगत समिति र राजश्व परामर्श समिति समेतबाट प्राप्त सुझावहरूका आधारमा सम्भव भएसम्म जनचाहनालाई समेट्ने गरी यो नीति तथा कार्यक्रम तयार गरिएको छ ।

**सदस्य महोदयहरु,**

अब म आगामी आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु :

## आधारभूत स्वास्थ्य सेवा तर्फ :

९. कोभिडः १९ माहामारीले सृजित जनस्वास्थ्य संग सम्बन्धित जोखिम कम गर्न स्वास्थ्य क्षेत्रमा लगानी बृद्धि गरी आवश्यकता अनुसार संचालित कोभिड अस्पतालमा गुणस्तरयुक्त आइशोलेशन केन्द्र निर्माण कार्यलाई निरन्तरता दिइएको छ । साथै आवश्यकता अनुसार अन्य वडाहरुमा समेत क्वारेनटाइन केन्द्रहरुको स्थापना गरिनेछ । कोभिडः १९ महामारी रोग नियन्त्रणका लागि र्‍यापिड रेस्पोन्स टिम ( RRT) गठन गरी आवश्यक्ता अनुसार परिचालन गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

१०. कोभिडः १९ माहामारी नियन्त्रण र उपचारका लागि आवश्यक स्वास्थ्य सामाग्रीहरु तथा उपकरणहरुको खरिद र सर्व सुलभ उपलब्धतामा जोड दिइएको छ र सो कार्यलाई थप निरन्तरता दिइनेछ । साथै संक्रमण बढी देखिएका गाँउ, टोल तथा बस्तीहरुमा शतप्रतिशत पी. सी. आर. तथा एन्टिजेन परीक्षण

यमुनामाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ठलहुआ, रौतहट
प्रदेश नं. २, नेपाल

बढाइने छ । कोभिडको प्रभावलाई न्युनिकरण गर्न संघ तथा प्रदेश सरकार संग समन्वय गरी कोभिड बिरुद्धको खोपको ब्यवस्थापन नगरी सम्पुर्ण यमुनामाईवासीलाई खोपको सुविधा उपलब्ध गराइने छ ।

११. नेपाल सरकारको नीतिअनुसार नै गाउँपालिकाभित्र १५ सैयाको अस्पताल निर्माणका लागी जग्गा खरिद गरि निर्माण गरिनेछ । साथै स्वास्थ्य संस्थाहरूको भौतिक सुधार गरी एक्सरे, ईसीजी, अल्ट्रासाउण्ड, लयाब लगायतका स्वास्थ्य सुविधालाई सहज र पहुँचयोग्य बनाईने छ । वडा नं. १, २ र ३ स्वास्थ्य संस्था निर्माण तथा बर्थिंग सेन्टरहरुमा प्रयोगशाला स्थापना गर्दै हाल सञ्चालनमा रहेका प्रयोगशालाहरुलाई समेत सुधार गर्दै लगिनेछ । बर्थिग सेन्टरमा प्रयोगशाला संचालनका लागि ल्याब असिस्टेन्स भर्ना प्रक्रिया अगाडी बढाएको छ सो कार्यलाई निरन्तरता दिइने छ ।

१२. गाउँपालिका क्षेत्रमा स्थायी रूपले बसोबास गर्ने सबै जातजातिका विपन्न वर्गका समुदायलाई लक्षित गरी सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी बनाउन स्थानीय स्वास्थ्य संस्थामा कम्तिमा ४ पटक गर्भ जाँच गराई तथा सुरक्षित मातृतव कार्यक्रम सञ्चालन भएको स्वास्थ्य संस्था सुत्केरी गराएको र ३५ दिन भित्रमा सम्बन्धीत वडा कार्यालयमा वच्चाको जन्मदर्ता गराउने आमालाई प्रोत्सहान स्वरुपरु.एकहजार मात्र गाउँपालिकाको स्वास्थ्य शाखा मार्फत उपलब्ध गराईने नीतिलिइनेछ ।

१३. स्वास्थ्य तथा व्यक्तिगत सरसफाई कार्यक्रम अन्तर्गत विद्यालयमा अध्ययनरत रजस्वला सुरु भईसकेका बालिकाहरुको तथ्यांक संकलन गरी निःशुल्क सुरक्षित प्याड वितरणका लागि आवश्यक उपकरण सहितको सुरक्षित प्याड कर्नर को स्थापना गरिनेछ ।

१४. आपतकालीन उद्धार तथा बिरामी बोक्नको लागि आवश्यक उपकरण र दक्ष जनशक्ति सहितको एम्बुलेन्सको व्यवस्था गरिनेछ ।

१५. प्राकतिक आर्युवेद चिकित्सा पद्धति र युनानी चिकित्सा पद्धतीलाई पनि एकिकृत रुपमा सञ्चालन गर्ने निति लिइनेछ । गाँउपालिकाको ५ बटै वडाहरुमा योग शिविर संचालन गरिनेछ । राजपुर तुल्सी आयुर्वेद औषधालयको जग्गा खरिद एंव औषधालयमा पंचकर्ण, क्षारसुत्र, लगायत सेवा बिस्तार गरिनेछ साथै एक घर पाँच जडीबुटी लगाउने कार्यक्रम संचालन गरिनेछ ।

१६. गाउँपालिका क्षेत्रभित्र रहेका स्वास्थ्यचौकीहरु मार्फत् प्रत्येक वडाका विद्यालयहरुमा कम्तिमा वर्षको १ पटक शिविर सञ्चालन गरी बालबालिकाहरुको स्वस्थ्य जाँच गरी कुपोषित बालबालिकाहरुलाई अस्पतालमा उपचारका लागि समन्वय गरिनेछ । कुपोषणबाट ग्रसित महिला तथा बालबालिकाहरुका लागि बहुक्षेत्रिय पोषण कार्यक्रमलाई निरन्तरता दिदै सन्तुलित पोषण र बिबिधतायुक्त खानेकुरा खानाका लागि सचेतनामुलक कार्यक्रम संचालन गरी पालिकालाई कुपोषण मुक्त गाँउपालिका बनाउने अभियानलाई निरन्तरता दिइने छ ।

श्री प्रसाद मुखिया
गा.पा.अध्यक्ष

. **शिक्षा तथा सामाजिक विकास तर्फ :**

१७. मानव संसाधन विकासको मुख्य आधार नै शैक्षिक गुणस्तर भएको हुँदा यमुनामाई गाउँ भित्रको शिक्षा क्षेत्रको विकासका लागि गाउँशिक्षा गुरुयोजनाको निर्माण तथा शैक्षिक सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

१८. सामुदायिक विद्यालयको स्तर वृद्धि गरी विद्यालयमा शतप्रतिशत विद्यार्थी भर्ना कार्यक्रम सञ्चालनमा ल्याइनेछ । त्यसैगरी विद्यालयहरूमा स्थानीय पाठ्यक्रम निर्माणका लागि आवश्यक छलफल चलाइने छ । साथै जातीय वाहुल्यताको आधारमा सामुदायीक विद्यालयहरुमा मात्री भाषा शिक्षाको पठन पाठन सम्बन्धी व्यवस्था मिलाइनेछ ।

१९. विद्यालयस्तरमा कम्प्युटर शिक्षालाई प्रोत्साहित गर्न सामुदायिक विद्यालयहरूमा सोलार प्यानल जडान गरिनुको साथै कमप्युटर ल्याबलाई सुदृढिकरण गरिनेछ । बिद्यालयहरुलाई पुर्वाधारमैत्री बिद्यालय बनाउन बाल मैत्री कक्षा कोठा, छात्रा शौचालय, खेल मैदान तथा इन्टरनेट सुविधा तथा पुस्तकालय स्थापना कार्य लाई निरन्तरता दिइने छ ।

२०. प्राविधिक शिक्षालाई जोड दिई दक्ष जनशक्ति उत्पादन गर्न शैक्षिक संस्थाहरूसँग समन्वय गरी अगाडि बढाइने छ । साथै संचालित प्राविधिक शिक्षलयमा आवश्यकता अनुसारको औजार तथा उपकरणहरुको ब्यवस्थापन गरिने छ ।

२१. त्यसैगरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार ल्याउन यमुनामाई गाउपालिका क्षेत्र भित्रका सबै सामुदायिक विद्यालयहरूलाई भौतिक निर्माणमा आवश्यक सहयोग गरिनेछ । साथै बिद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी सुनिश्चित गरिनेछ । केही निश्चित विद्यालय छनौट गरी विद्यालय वातावरण प्रवर्द्धन कार्यक्रम नमूनाको रूपमा लागू गरिनेछ ।

२२. आगामी दिनहरूमा गाउँपालिका क्षेत्रमा रहेका सबै विद्यालयका विद्यार्थीहरू तथा अभिभावक समेतलाई सरसफाई कार्यमा एकजुट गराई गाउँलाई सफा बनाउन विद्यालय मार्फत् विद्यार्थी, विद्यार्थी मार्फत् अभिभावक भन्ने मूल नारा लिई आम गाउँपालिकावासीलाई पुर्ण सरसफाईको अभियानमा क्रियाशील गराइने नीति लिइने छ ।

२३. सामुदायिक विद्यालयहरुमा समयानुकूल प्रविधिको माध्यमबाट शिक्षा प्रदान गर्नका लागि आगामी आ.व. २०७८/०७९ बाट क्रमशः सञ्चालन गरिने छ । सबै सामुदायिक विद्यालयमा समयको मागअनुसार अंग्रेजी माध्यमको शिक्षालाई बालकक्षाबाट नै प्राथमिकतामा राखी सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

२४. सबै सामुदायिक विद्यालयबाट चौमासिक प्रगति समीक्षा कार्यक्रम सञ्चालन गर्ने नीति लिइने छ । गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरु बीच अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्ने नीति लिइनेछ ।

२५. बिद्यालयको बिद्यार्थी संख्याका आधारमा शिक्षक दरवन्दी मिलान गर्ने गराउने कार्यमा जोड दिई विद्यालयमा आवश्यक्ता र औचित्यका आधारमा शिक्षक दरवन्दी थप गरी सो का लागी निश्चित अनुदान उपलब्ध गराइनेछ ।

२६. सम्बन्धित निकायसँग समन्वय गरि निजी विद्यालय र सामुदायिक विद्यालयको पाठ्यक्रममा एकरुपता कायम गर्न पहल गरिनेछ । विद्यालयको भौतिक पूर्वाधार निर्माण गर्दा अपांगमैत्रीर वालमैत्री बनाउने कुरामा अनिवार्य गराइनेछ । हरेक विद्यालयहरुमा स्वच्छ पिउने पानीको व्यवस्था अनिवार्य गराइनेछ ।

२७. विद्यालयमा अध्ययनरंत नर्सरी कक्षा देखी ३ कक्षा सम्मका वालवालिकाहरुलाई दिवा खाजाको व्यवस्था मिलाउन पहल गरिनेछ ।

२८. विद्यालय स्तरीय खेलकुदका प्रतियोगिताहरु गराइनेछ । खेलकुदमा व्यवसायिक बनाउन र उत्कृष्टता छनौट गर्न फुटवल र क्रिकेट खेललाई प्राथाकितामा राखी वडागत युवा युवतीहरुलाई छनौटको आधारमा समावेश गराई लिग सञ्चालन गरिनेछ ।

**रोजगारी प्रवर्द्धन तर्फ :**

२९. संविधानले प्रत्याभूत गरेका अधिकारहरुको अधिकतम उपयोग गर्दै एक घर एक रोजगारको नीति अवलम्बन गरिनेछ । कोभिडः १९ का कारण रोजगारी गुमाएका युवाहरुका लागि अध्यक्ष रोजगार कार्यक्रम संचालन गरिनेछ ।

३०. कृषि, पशुपालन र उद्योग व्यवसायमा संलग्न किसान, मजदुरहरुलाई स्वरोजगार बनाउन अधिकतम प्रयास गरिनेछ ।

३१. वेरोजगार, विपन्न र कृषि लगायतका क्षेत्रमा काम गर्ने मजदुरहरुको अवस्था र आवश्यक्तालाई मध्यनजर गर्दै प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारीको अवसर प्रदान गरिनेछ ।

३२. दलित, बिपन्न बर्ग, असहाय तथा एकल महिलालाई गरिबी निवारणका लागी लघु उद्यम बिकास कार्यक्रमलाइ निरन्तरता दिदै सिप बिकास मार्फत सवल र सक्षम जनशक्ति तयार पार्दै व्यवसायिक बातावरण तयार पारि रोजगारीको अवसर सृजना गरिनेछ ।

३३. रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरु लाई रोजगारीको अवसर प्रदान गर्नका लागि गाँउपालिकाबाट निर्माण सामाग्री तथा औजार उपकरणहरुको ब्यवस्था गरी लागत साझेदारी मा प्रभावकारी आयोजनाहरु संचालन गरिनेछ । रोजगार सेवा केन्द्रलाई थप सुदृढिकरण गरी रोजगार सुचना केन्द्रको रुपमा स्थापना गरिनेछ ।

३४. बैदेशिक रोजगारीबाट फर्किएका तथा बिदेश पलायन हुने यूवाहरुका लागि स्थानिय स्तरमा नै रोजगारीको अवसर उपलब्ध गराउन युवा तथा महिला लक्षित छोटो तथा लामो अवधिको शिप

विकास तालिम कार्यक्रमहरु संचालन नगरिनेछ र युवा लक्षित शिप बिकास तालिम तथा व्यवसायिक तालिमहरुलाई निरन्तरता दिइनेछ ।

३५. गाँउपालिका अध्यक्ष उद्यमशिलता बिकास कार्यक्रम संचालनका लागि आवश्यक अध्ययन तथा कार्यबिधि तयार स्थानिय स्रोत सामाग्रीको परिचालन गरि नयाँ उद्यमी सृजना गर्ने तथा उद्यममा संलग्नहरुका लागि स्तरोन्नती गर्ने कार्यको थालनी गरिनेछ । यस कार्यक्रममा शहिद परिवारलाई प्राथमिकतामा राखी रोजगारी प्रदान गरिनेछ ।

## पूर्वाधार विकास तर्फः

३६. बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत मापदण्ड २०७२ मा व्यवस्था भए बमोजिम घरमा सेफ्टी ट्याङ्की निर्माण र जडान भएका तथा तोकिएको सडक क्षेत्राधिकारको जग्गा पुग्ने गरि सडकको चौडाई भएपश्चात मात्र घरलाई निर्माण सम्पन्न प्रमाण पत्र दिने व्यवस्थालाई कडाइका साथ लागू गरिनेछ ।

३७. गाउँपालिका क्षेत्रमा नयाँ निर्माण हुने भवनहरूको हकमा नेपाल सरकारबाट स्वीकृत बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत मापदण्ड, २०७२ अनुसार हुने गरी घर नक्शा पास सुचारु गर्ने तथा उक्त मापदण्ड लागू हुनुभन्दा अघि निर्माण सम्पन्न भएका भवनहरूको हकमा अभिलेख प्रयोजनका निमित्त नेपाल सरकार तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी परिपत्रअनुसार हुने गरी तोकिएको दस्तुर लिई घर नक्शा पास गरिने नीति लिइनेछ ।

३८.गाउँपालिका क्षेत्रभित्र रहेका सडकहरूलाई क्रमागत रुपमा ढलान तथा कालोपत्रे गर्ने कार्यलाई विशेष प्राथमिकतामा राखी निर्माण कार्यलाई निरन्तरता दिदै धुलो रहित गाँउपालिकाको रुपमा यसै आ ब २०७८।०७९मा घोषणा गरिनेछ ।

३९. सडकहरूको मर्मत सुधार तथा स्तरोन्नति कार्य गर्न मर्मत सम्भार कोषको स्थापनाका लागि आवश्यक रकम विनियोजन गरिनेछ । यसका लागि गाउँस्तरीय वार्षिक सडक मर्मत योजना निर्माण गरिनेछ ।

४०. गाउँपालिका भित्रका सडकहरूको सडक मापदण्ड बमोजिम सिमाङ्कन गरी सङ्केत चिन्हहरू राख्ने कार्यको थालनी गरिने छ ।

४१. गरिब, दलित एंम विपन्न परिवारको पहिचान गरी गाँउपालिका प्रमुख जनता आवास साझेदारी कार्यक्रम संचालन गरिएको छ यस कार्यक्रलाई अगामी आर्थिक बर्षमा समेत निरनतरता दिइनेछ ।

४२. सुशान्त बातावरणमा तालिम, गोष्ठी, सभा तथा कार्यशाला संचालनका लागि गाँउकार्यपालिका कार्यालयको नयाँ भवनको माथी आवश्यक औजार उपकरण तथा फर्निचर र फर्निसिंग सहितको सभा कक्षको निर्माण गरी संचालनमा ल्याइनेछ ।

## कृषि तथा पशु विकास तर्फ :

श्री प्रसाद मुखिया
गा.पा. अध्यक्ष

४३. दिगो कृषि प्रणालीलाई प्रवर्द्धन गर्न ३ बर्षे रणनैतिक योजना तयार गरिने छ । कृषकहरुको मागको आधारमा बेमौषमी तरकारी खेती तथा व्यवसायिक खेती प्रणालीलाई अवलम्बन गर्दै लगिने छ ।

४४. कृषि तथा सिंचाई क्षेत्रको समग्र विकासका लागि कृषि सहकारी संजाल निर्माण, अर्ग्यानिक कृषि उत्पादन, जडीबुटी खेती, बिउ बिजन, किट वितरण तथा सतह र भूमिगत सिचाईको प्रबर्द्धन गर्नका लागि कृषि तथा सिचाई कार्यालय लगायतअन्य सरोकारवाला निकायहरूसँग समन्वय गरी कृषक समूहहरूलाई प्रोत्साहित गरिने छ ।

४५.कृषिमा उन्नती यमुनामाई गाउँपालिकावासीको समुन्नती भन्ने नारामा आधारित रहि यमुनामाई गाउँपालिका ले कृषि क्षेत्रलाई व्यावसायिक, आत्मनिर्भर तथा प्रमुख आय स्रोतको रुपमा विकास गर्ने गरी मुख्य प्राथमिकतामा राख्ने नीति लिइनेछ ।

४६.यमुनामाई गाउँपालिकाको गरिब तथा बिपन्न कृषकहरुलाई प्राथमिकतामा राखी आवश्यकता अनुसारको कृषि औजार तथा बीउ विजनहरु उपलब्ध गराउदै आएकको नितिलाई निरन्तरता दिइनेछ ।

४७. पशु बीमा र कृषि बीमालाई प्रभावकारी रुपमा सञ्चालन गर्न सहजीकरण गरिनेछ ।

४८.बर्षै देखि ठप रहेको कृषि उपज संकलन केन्द्रलाई संचालनमा ल्याई कृषि बजारीकरणलाई बिस्तार गरिनेछ साथै कृषक बर्गको मलखाद्य तथा बीउँबीजनमा सहज पहुँच कायम गर्न अनुदान, आंशिक अनुदान तथा सहुलित दरमा मलखाद्य तथा बीउँबीज तथा आधुनिक औजार उपकरण उपलब्धताको ब्यवस्था मिलाइने छ ।

४९.गाउँपालिकामा उत्पादित दुग्ध पदार्थ, खाद्य पदार्थ, तरकारी फलफूल लगायत नगदे बाली उत्पादनहरुको बजारमा निकासी गर्न पंहुँच बृद्धि गर्दै आन्तरिक बजार विस्तारका लागि जोड दिइनेछ । साथै उत्पादित कृषिजन्य वस्तुहरुलाई भण्डारण तथा बिक्रि बितरणका लागि कृषि उपज संकलन केन्द्रलाई ब्यवस्थित गरिनेछ ।

५०. पशुपंछी पालन तथा कृषिलाई व्यवसायीकरण गर्न चाहने युवा किसानहरुलाई ज्ञान सीप प्रविधि र सहयोग प्रदान गरिनेछ तथा कृषि र पशु पकेट बिकास कार्यक्रमलाई प्रोत्साहित गरिनेछ ।

५१. धान उत्पादन र दुग्ध पदार्थ उत्पादनमा किसानलाई प्रोत्साहन गरिनेछ । कृषि सहकारीहरुलाई उल्लेखित कार्यहरु गर्न गराउनका लागि प्रोत्साहन गरिनेछ ।

५२. विदेश पलायन भएका युवालाई कृषिमा आकर्षित गरी रोजगारीको अवसर सिर्जना गर्दै स्वरोजगार तथा आत्मनिर्भर बनाउन कृषिमा यान्त्रीकीकरण कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ ।

५३. "आफ्नो लागि आफैं उत्पादन गरौं, तरकारीमा आत्मनिर्भर बनौं" र "एक घर एक करेशाबारी" भन्ने नाराका साथ तरकारीमा आत्मनिर्भर हुन आवश्यक नीति तय गरिनेछ ।

५४. आम यमुनामाई गाउँपालिकावासीहरूलाई स्वच्छ माछा मासु उपभोग गर्ने वातावरणको सुनिश्चितता प्रदान गर्नका लागि पशु बधशाला र मासु जाँच गर्ने ऐन, २०५५ को कार्यान्वयन गर्न आवश्यक पहल गर्ने नीति लिइएको छ । साथै मासु व्यवसायीहरूले गाउँपालिकाले तोकेको स्थानमा मात्रै मासुको कारोवार गर्नको लागि प्रोत्साहन गरिने छ ।

५५. कृषि उत्पादनको क्षेत्रमा गाउँपालिका आफैंले निश्चित स्थानको छनौट गरी सामुहिक कृषि व्यवसाय सञ्चालन गराई रोजगारको सृजना गर्ने ।

**विपद व्यबस्थापन तथा बातावरण संरक्षण तर्फः**

५६. आगलागिबाट हुने क्षतिबाट प्रारम्भिक रूपमै नियन्त्रण गर्न गाउँपालिका कार्यालय, वडा कार्यालयहरूमा तथा गाउँपालिका क्षेत्रमा रहेका पसल तथा उद्योगहरुमा फायर एक्स्टीङगुइसर (FIRE EXTINGUISHER) राख्न उद्योग वाणिज्य संघ रौतहटसँग सहकार्य गरिने छ साथै दमकलको समेत व्यवस्थापनका लागि पहल गरिनेछ ।

५७. गाँउपालिकालाई धुलो मुक्त सडक निर्माणको लागि गाँउपालिका क्षेत्र भित्रका मुख्य तथा सहायक सडकहरुलाई कालोपत्रे तथा ढलानकार्यलाई निरन्तरता दिदै धुलो मुक्त गाँउपालिका बनाउने अभियानलाई निरन्तरता दिइनेछ । साथै धुवामुक्त गाँउपालिका बनाउने अभियानलाई निरन्तरता दिदै लक्षित बर्गलाई ग्यास सेलेण्डर तथा चुल्हा बितरणका साथै बैकलपिक उर्जा प्रवर्द्धनका लागि गोबर ग्यास तथा सोलार कम्पनीहरु संगको सहकार्यमा अनुदानका लागि पहल गरिनेछ ।

५८. विपद् व्यबस्थापनलाई प्रभावकारी बनाउन स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति मार्फत गाउँपालिका स्तरीय विपद् पुर्व तयारी तथा प्रतिकार्य योजनाको अध्यावधिक गरिनेछ ।

५९. बाढी प्रभावित क्षेत्रका जनताहरुको तत्काल उद्धार गर्नका लागि लाइफ ज्याकेट, डोरी, डुँगा आदि खरिद गरी सुरक्षा निकाय तथा जिल्ला दैवी प्रकोप उद्धार समितिसँग समन्वय गरी तयारी अवस्थामा रहने तथा स्थानीयस्तरमा नै उद्धार कार्य दल, प्राथमिक उपचार कार्य दल, सुचना तथा संचार कार्यदल, सुचना संकलन तथा राहत ब्यवस्थापन कार्यदल गठन गरिनेछ ।

६०. गाउँपालिकामा बिपद् ब्यवस्थापन र राहतका लागि विनियोजित कोषलाई सामाजिक सहयोगको रुपमा पनि प्रयोग गरिनेछ । विपद् व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गरी विपद् न्यूनीकरणको लागि आवश्यक कार्यहरु गरिने छ ।

६१. खोलाकिनारमा वाढीको कटानलाई रोकथाम गर्न उपयुक्त वृक्षारोपण गरिनेछ । गाउँपालिका क्षेत्र भित्र रहेको बन क्षेत्रको संरक्षण, पार्क निर्माण तथा बनक्षेत्रसँग सम्बन्धित आय-आर्जनका क्रियाकलापहरू सञ्चालन गर्न सम्बन्धित निकाय, सरोकारवाला आवश्यक सहकार्य गरिने छ । गाउँपालिका भित्रका सडकका दुबै किनारामा रुखे विरुवा रोप्ने निति अवलम्वन गरिनेछ ।



मुखिया

६२. गाउँक्षेत्रको फोहर व्यवस्थापन कार्यलाई प्रभावकारी बनाइनेछ । .वडा समिति, बाल क्लब र यस गाउँपालिकाको अगुवाईमा पूर्ण सरसफाइ कार्यक्रम सञ्चालन गरी गाउँपालिकालाई पूर्ण सरसफाई गाउँपालिका घोषणा गरिनेछ ।

६३. वैकल्पिक उर्जा प्रबर्द्धधन केन्द्रसँगको सहकार्यमा हुन सक्ने लोड सेडिङ्गबाट गाउँवासीलाई राहत दिनका लागि गाउँको मुख्य मुख्यसार्वजनिक स्थानहरूमा सौर्य सडक बत्ती जडान गर्न पहल गर्ने तथा विपन्न वर्गको आर्थिक अवस्थामा सुधार गर्न तथा वातावरण स्वच्छ बनाउन सुधारिएको चूल्हो, सौर्य टुकी, गोवर ग्याँसजस्ता नवीकरणीय उर्जाको स्रोतलाई पहिचान तथा परिचालन गर्ने नीति लिइनेछ छ ।

६४. गाउँपालिका क्षेत्रभित्र रहेका साना उद्योगबाट निस्कनेफोहोर तथा धुलो र स्वस्थ्यलाई प्रतिकुल असर गर्ने सबै खाले प्रदुषणलाई न्यूनीकरण गर्नका लागि उद्योगी व्यवसायी तथा अन्य सरोकारवालासँग समयसमयमा छलफल तथा अन्तर्क्रिया गर्ने नीति लिइने छ ।

६५. गाउँ क्षेत्रमा रहेका पोखरी, जलाशय तथा खानेपानी मुहानहरूको संरक्षण र सम्बर्द्धन गर्दै सदुपयोग गरिने छ । भुकम्प प्रतिरोधी भवन निर्माणमा संलग्न दक्ष/अदक्ष निर्माणकर्मीलाई तालिम सञ्चालन गर्न नेपाल भूकम्प प्रविधि समाजसँग आवश्यक समन्वय गरिने छ ।

## समावेशी विकास तर्फः

६६. लक्षित समूह कार्यक्रम अन्तर्गत महिला विरुद्धको लैङ्गिक तथा घरेलु हिंसा, महिला हकहित, बाल अधिकार, बाल बिवाह उन्मुलन तथा क्षमता अभिबृद्धिका लागि सीप विकास कार्यक्रम, गृहिणी महिलाको लागि वातावरणमैत्री सचेतना कार्यक्रम जस्ता विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

६७. ज्येष्ठ नागरिक, एकल महिला, शहिद परिवार, महिला स्यंमसेविका लाई सम्मान गरिनेछ ।

६८. गाउँपालिका क्षेत्रभित्र हिंसालाई न्यूनीकरण गर्नका लागि अव्यवस्थित तथा खुल्ला रुपमा मद्यपान, धुम्रपानलगायतका बस्तुहरु बेचविखन तथा सेवनलाई न्यूनीकरण गर्दै लगिनेछ । यमुनामाई गाउँ क्षेत्रभित्र सञ्चालन हुने सबै प्रकृतिका कार्यक्रमहरुमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको नीति अवलम्बन गरिने नीतिलाई प्राथमिकता दिइनेछ ।

६९. गाउँपालिका क्षेत्रभित्र हुने वा भैरहेको लागु औषध दुर्वेशनीका विरुद्ध विभिन्न सचेतना मूलक कार्यक्रमहरु संचालन गर्ने र आवश्यक्ताको आधारमा सुधार केन्द्र स्थापनामा जोड दिइनेछ ।

## सुचना संचार तथा सुशासन तर्फः

७०. गाउँपालिका क्षेत्रमा रहेका बैंक तथा वित्तीय संस्थात तथा सहकारी संस्था आदिलाई समय समयमा लोककल्याणकारी कार्यका लागि परिचालन गर्ने नीति लिइएको छ ।



...सी प्रसाद मुखिया

७१. यस गाँउपालिकामा आवश्यकता अनुसार कर्मचारी भर्ना गरिनेछ। सहज रुपमा सुचनामा पहुच कायम गर्न गाँउपालिका क्षेत्रका मुख्य मुख्य स्थानहरुमा वाई फाई जडान गरी फ्री वाईफाईयुक्त गाँउपालिका घोषणा गरिने छ ।

७२. सेवा प्रवाहलाई अझ व्यवस्थित, छिटो छरितो र सेवाग्राहीमैत्री बनाउन कर्मचारीहरूमा “रहरले काम गरौं, हाँसेर सेवा गरौ”भन्ने भावनाको विकास गरिने छ ।

७३. यसगाउँपालिकालाई सुशासनमैत्री गाउँको रूपमा स्थापित गर्नका लागि भ्रष्टाचारमा शुन्य सहनशिलताको नीतिलाई अवलम्बन गर्ने नीति लिइएको छ। साथै सबै वडामा नागरिक बडापत्र, कर दरबन्दी लगायतका विवरणहरूलाई Digital प्रविधीमार्फत् वडावासी तथा गाउँवासीलाई सूसुचित गराइने नीति लिइएको छ ।

७४.गाउँपालिका क्षेत्रभित्र सञ्चालन गरिने विभिन्न कार्यक्रमहरु सरकारी तथा गैरसरकारी संस्थाहरुसँग सहकार्य तथा समन्वय गरी सञ्चालन गरिने नीतिलाई प्राथमिकतामा राखिएको छ ।

७५. गाउँपालिकाका सबै वडामा सुझाव पेटिका, नागरिक बडापत्र, सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिने छ। गाउँपालिका कार्यालयमा सेवा लिन आउने सेवाग्राहीलाई सहज रुपमा सेवा लिनका लागि कार्यालयमा सहायता कक्ष स्थापना गरिने छ ।

७६. न्यायिक समिति अन्तर्गत गठित मेलमिलाप केद्रहरुलाई तालिमको व्यवस्था गरी नियम अनुसार छिटो छरितो ढंगले सेवा प्रदान गरिने नीति लिइने छ ।

७७. जनताको हितलाई ध्यानमा राखी कानून सम्मत, छिटो छरितो, जनमूखी, सेवामूखी र भ्रष्टचार मुक्त ( पारदर्शीता, जवाफदेहिता, सहभागीता र दुरदर्शिता ) समेतको सिद्धान्तका आधारमा सुशासन कायम गर्ने निति लिइनेछ ।

७८. जनताको हितलाई ध्यानमा राखी गाउँपालिका तथा वडा कार्यालयहरुबाट सम्पादन हुने सबै कार्यहरु अन लाइन (E Governance) को माध्यमबाट सञ्चालन गर्ने नीति लिइनेछ ।

७९. आवश्यक्ता अनुसार गाउँपालिकामा कार्यरत सम्पुर्ण कर्मचारीहरुलाई उपयुक्त तालिमहरुको व्यवस्था सञ्चालन गरि दक्ष बनाउने नीति हुनेछ ।

८०. गाउँपालिकाको न्यायिक समितिको व्यवस्थापन र परिचालन तथा न्याय निरुपणको कार्यलाई थप व्यवस्थीत र प्रभावकारी बनाइनेछ ।

**सबल राजश्व प्रशासन**

श्री प्रसाद मुखिया
गा.पा.अध्यक्ष

८१. गाउँपालिकाको कर प्रशासनलाई करदातामैत्री बनाउन सोसँग सम्बन्धित क्षेत्रसँग आवश्यक समन्वय् गरी करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिने छ ।

८२. आगामी आ.व.२०७८/०७८ देखि घरबहाल कर संकलन कार्यलाई अघि बढाइने छ । घरबहाल कर प्रयोजनका लागि क्षेत्रानिर्धारण गरेर न्यूनतम मासिक दर कायम राखेर राजश्व सङ्कलन गरिने छ । व्यवसाय कर संकलनका लागि वडा कार्यालयहरूमा व्यवसाय दर्ता गरी व्यवसाय लगत संकलन, व्यवासाय दर्ता अभियान सञ्चालन गरिने छ ।

८३. कार्यालयको कामलाई प्रविधिमैत्री बनाउनका लागि आगामी आ.व. २०७८/०७९ देखि नै जिन्सी, राजश्व, योजनासम्बन्धी सफ्टवेयर प्रयोगमा ल्याईने छ ।

८४. गाउँपालिकालाई आर्थिक विकासमा सक्षम बनाउनका लागि सहकारी, निजी क्षेत्र तथा सरकारी क्षेत्रबीचमा आवश्यक समन्वय गरी अगाडी बढाइने छ ।

## पर्यटन विकास तथा सांस्कृति प्रवर्द्धनः

८५. गाउँमा रहेका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय महत्वका स्थानहरू राजदेवी मंदीर, भिनक राम मंदीर तथा यमुनामाई मंदीरलाई साहित्य कला संस्कृतिको रुपमा संरक्षण तथा सम्बर्द्धन गरिनेछ । मठ-मन्दिर तथा धार्मिक क्षेत्रहरुको संरक्षण सम्बर्द्धन गर्दै ऐतिहासिक तथा धार्मिक स्थलहरुको विकासका लागि प्रचार प्रसारलाई प्राथमिकता दिई अगाडि वढाउने नीति लिइनेछ ।

८६. यस गाउँपालिकाको छिमेकी गाउँपालिका तथा नगरपालिकामा रहेका पर्यटकीय स्थल/धार्मिक स्थलसम्म आवत जावतको लागि सहज सडक सञ्जाल निर्माणका लागि निरन्तरता दिनेछ ।

८७. स्थानिय भाषा, कला संस्कृति को प्रवर्द्धनका लागि कार्यक्रमहरु संचालन गरिनेछ ।

अन्त्यमा, विगतमा गाउँसभाले अख्तियार गरेका नीतिहरूलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिने नीति लिइएको छ । यमुनामाई गाउँपालिकाको पाचौ गाउँसभा सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने सम्पूर्ण गाउँसभाका सदस्य ज्यूहरू, कर्मचारी साथीहरु, विभिन्न सङ्घ संस्थाका प्रतिनिधिहरू तथा सम्पूर्ण गाउँवासी दाजुभाई दिदि बहिनिहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै आगामी दिनहरूमा पनि यहाँहरूको सक्रिय सहभागिता, सकारात्मक सहयोग हुने विश्वास व्यक्त गर्दछु ।

श्री प्रसाद मुखिया
गा.पा.अध्यक्ष